बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, सिन्धुली
सूचना नं १०/२०८३/०८४
प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०८

कृषि विकास कार्यालय, सिन्धुलीको कृषि विकास कार्यक्रममा सहभागीताको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

बागमती प्रदेश, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, अन्तर्गत कृषि विकास कार्यालय, सिन्धुलीको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सिन्धुली जिल्ला भित्रका इच्छुक योग्य **निजी कृषि फर्म/कृषि कम्पनी, कृषक समुह र कृषि सहकारीले** यो सूचना प्रकाशन भएको मितिले २१ औं दिन (मिति २०८३/०८/२८ गते) सम्ममा कार्यालय समय भित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजात सहित आवेदन पेश गर्नुहुन यो सार्वजनिक सूचना आव्हान गरिन्छ। स्वीकृत कार्यक्रमहरु **"एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३"** बमोजिम सञ्चालन हुनेछन । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ। इमेलमार्फत समेत प्रस्ताव पेस गर्न सकिनेछ।

तपसिल

क.सं.	कार्यक्रमको नाम	लक्षित लाभग्राही	न्युनतम मापदण्ड/ क्षेत्रफल	अनुदान रकम अधिकतम (रु.)	एकाई/ परिमाण	कार्यक्रमको कुल बजेट (रु. लाखमा)	कैफियत
१	अलैची तथा मसलाबाली (अदुवा/बेसार/लसुन/ प्याज लगायत) प्रवर्द्धन कार्यक्रम	कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी	१ हेक्टर	१ लाख ५० हजार प्रति हेक्टर	हेक्टर/ २.५	५	
२	व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम	कृषक समुह, कृषि सहकारी, निजि कृषि फर्म/कृषि कम्पनी	१ हेक्टर	२ लाख प्रति हेक्टर	हेक्टर/ १५	३०	
३	फलफुल खेती प्रवर्द्धन कार्यक्रम	कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी	१ हेक्टर (ड्रागन फ्रुट/स्ट्रबेरीका लागि ०.५ हेक्टर)	किवी फल प्रति हेक्टर रु. ५ लाख, स्ट्रबेरी प्रति हेक्टर रु. ४ लाख र ड्रागन फ्रुट रु. ५० हजार प्रति रोपनी अन्य फलफुल रु.२ लाख प्रति हेक्टर	हेक्टर/ ४	८	

२०८३।८।८
प्रमुख

क्र.सं.	कार्यक्रमको नाम	लक्षित लाभग्राही	न्युनतम मापदण्ड/ क्षेत्रफल	अनुदान रकम अधिकतम (रु.)	एकाई/ परिमाण	कार्यक्रमको कुल बजेट (रु. लाखमा)	कैफियत
४	भुइकटहर प्रवर्द्धन कार्यक्रम	कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी	१ हेक्टर	२ लाख प्रति हेक्टर	हेक्टर// ३	६	
५	पुष्प खेती प्रवर्द्धन कार्यक्रम	कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी	सयपत्री खेतीको हकमा ०.५ हेक्टर र कट फ्लावरको हकमा २ रोपनी	२ लाख प्रति हेक्टर वा लागत अनुमानको आधारमा प्रचलित नियामानुसार	पटक/१	५	
६	चैते तथा मसिनो वास्नादार धान प्रवर्द्धन कार्यक्रम	कृषक समुह, कृषि सहकारी, निजि कृषि फर्म/कृषि कम्पनी	३ हेक्टर	१ लाख प्रति हेक्टर	हेक्टर/ ५	५	
७	कृषि उद्यमशिलता विकास कार्यक्रम	निजि कृषि फर्म/कृषि कम्पनी, कृषक/कृषि उद्यमी	कृषि उत्पादन, प्रशोधन र बजारीकरणसँग सम्बन्धी कृयाकलापहरु	२ लाख प्रति साझेदार	संख्या/ ६	१२	
८	मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम	कार्यविधिमा उल्लेख भए बमोजिम (कुमाल, चेपाङ, वनकरिया, हायु, अल्पसंख्यक समुदाय, अपाङ्गता भएका ब्यक्ति, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएका समुदायका कृषक तथा आर्थिक रुपले बिपन्न व्यक्ति वा समुदाय)	खाद्य सुरक्षा तथा जीविकोपार्जन तथा प्रशोधन र बजारीकरणसँग सम्बन्धित क्रियाकलापहरु	१ लाख प्रति साझेदार	संख्या /१०	१०	
९	साना सिँचाई, प्लास्टिक पोखरी	कृषक समुह, कृषि सहकारी, निजि	कुलो निर्माण तथा मर्मत	३ लाख प्रति साझेदार	संख्या/ २०	४०	

Anup Adhikari
२०८३।५।८
अनुप अधिकारी
प्रमुख
(अधिकृतस्तर नवौं)

क.सं.	कार्यक्रमको नाम	लक्षित लाभग्राही	स्पेसिफिकेसन/ मापदण्ड/ क्षेत्रफल	अनुदान रकम अधिकतम (रु.)	एकाई/ परिमाण	कार्यक्रमको कुल बजेट (रु. लाखमा)	कैफियत
	मर्मत तथा निर्माण	कृषि फर्म/कृषि कम्पनी, जल उपभोक्ता समिति	सम्भार, एच.डी.पी.ई पाइप, स्यालो बोरीङ्ग, इनार निर्माण, पानी तान्ने पम्प, थोपा/स्प्रिङ्कलर सिचाइ, जस्ता सुक्ष्म सिचाइ, प्लास्टिक/सिमेन्ट पोखरी निर्माण				
१०	भकारो सुधार कार्यक्रम	कृषक समुह, कृषि सहकारी	प्रति प्रस्तावक न्यूनतम १० जना, प्रति भकारो कम्तीमा २ वटा पशु वस्तुसहित न्यूनतम ७ वर्ग मिटरको गोठ	लागत अनुमानको आधारमा प्रचलित नियमानुसार	संख्या/ १५	३	
११	कफि प्रवर्द्धन कार्यक्रम	कृषक समुह, कृषि सहकारी, निजि कृषि फर्म/कृषि कम्पनी	२ हेक्टर	३ लाख प्रति हेक्टर	पटक/१	५	
१२	एक जिल्ला एक विशेष कृषि पकेट क्षेत्र कार्यक्रम(आ.व. २०८२।८३ को निरन्तरता)	कृषक समुह, कृषि सहकारी, निजि कृषि फर्म/कृषि कम्पनी	आ.व. २०८२/८३ मा तोकीएको बाली र पकेट क्षेत्र	प्रति कृषक समुह/सहकारी रु. १० लाख, प्रति कृषि फर्म रु. ५ लाख	पटक/१	१५	
१३	किवी खेतीको लागि हेलनेट तथा ड्रागन फल खेतीमा थाक्का व्यवस्थापन	कृषक समुह, कृषि सहकारी, निजि कृषि फर्म/कृषि कम्पनी	१ हेक्टर (ड्रागन फ्रुटका लागि ०.५ हेक्टर)	किवी फल प्रति हेक्टर रु. ५ लाख, र ड्रागन फ्रुट रु. ५० हजार प्रति रोपनी	पटक/१	५	

२०८३।८।८
अनुप अधिकारी
प्रमुख
(अधिकृतस्तर नवौं)

क्र.सं.	कार्यक्रमको नाम	लक्षित लाभग्राही	न्युनतम मापदण्ड/ क्षेत्रफल	अनुदान रकम अधिकतम (रु.)	एकाई/ परिमाण	कार्यक्रमको कुल बजेट (रु. लाखमा)	कैफियत
	जम्मा रु.					१४९	

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. अनुसूची-२ बमोजिमको आवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. संस्था दर्ता, स्थायी लेखा नम्बर (PAN)/मुल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाण पत्र, आ.व. २०८२/८३ को कर चुक्ताका साथै संस्था नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि,
३. समुह/सहकारी/निजी फर्मको प्रवन्ध पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु,
४. कृषक समुह /सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि,
५. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि, जग्गा भाडामा लिएको भए सूचनाको म्याद कायम रहेको अन्तिम मिति सम्म फलफुल तथा अन्य बहुवर्षीय बालीका लागि न्युनतम १० बर्ष, संरक्षित संरचना निर्माणका लागि न्युनतम ५ वर्ष र अन्य स्थायी संरचना निर्माणका लागि न्युनतम १५ वर्ष र एक बर्षीय बालीका लागि न्युनतम ३ वर्ष बाँकी अवधी भएको वडा कार्यालय वा नियमानुसारको निकायवाट प्रमाणित करार सम्झौता पत्रको प्रतिलिपि,
६. अनुसूची-३ बमोजिमको प्रस्ताव पत्र,
७. अनुसूची-४ बमोजिमको प्रतिपद्धता पत्र,
८. अनुसूची-५ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,
९. अनुसूची-१५ बमोजिमको स्वघोषणा,
१०. सम्बन्धित स्थानीय तह/कृषि शाखाको सिफारीस पत्र,
११. कृषक समुह र सहकारीको हकमा कार्यक्रममा सहभागी हुने सम्भावित कृषक सदस्यहरुको विवरण सहितको निर्णय,
१२. मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रमको हकमा लक्षित वर्ग (कार्यविधि बमोजिमको)/विपन्नता भएको व्यहोरा खुल्ने स्थानीय तहको सिफारिस पत्र,
१३. कार्यालयवाट माग भएका वा कार्यविधि बमोजिमका आवश्यक अन्य कागजात।

नोट:

- एक भन्दा बढी कार्यक्रममा आवेदन दिन चाहने प्रस्तावक/आवेदकले अनिवार्य रुपमा छुट्टा छुट्टै अनुसूची-३ बमोजिमको प्रस्ताव फारम पुर्ण रुपले भरेको हुनुपर्नेछ,
- प्रस्तावकले चालु आ.व. मा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह वा संघीय सरकारबाट सञ्चालित परियोजनाबाट सोहि कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने तोकीएको ढाचामा स्वघोषणा पेश गर्नुपर्नेछ । अन्य निकायवाट दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाइनेछ,
- क्लष्टरको न्यूनतम मापदण्ड पुग्ने जग्गाको स्वामित्व खुल्ने कागजात अनिवार्य रुपमा प्रस्ताव साथ संलग्न गर्नुपर्नेछ,
- बाली प्रवर्द्धन कार्यक्रमको लागि एक निजी फर्मको जग्गा/क्षेत्रफल कम भएमा बढीमा दुइ निजी फर्मले संयुक्त साझेदारीमा समेत प्रस्ताव पेश गर्न सक्नेछन,
- साना सिचाइ प्लास्टिक पोखरी निर्माण तथा मर्मत कार्यक्रममा प्रस्ताव पेश गर्ने प्रस्तावकसँग न्यूनतम ३०,००० लिटर क्षमताको सिमेन्ट पोखरी निर्माण गर्न सकिने स्थल हुनुपर्नेछ । साथै, सिचाइ कुलो निर्माण/मर्मतमा प्रस्ताव पेश गर्दा न्यूनतम १५ घरधुरी लाभान्वित हुनुपर्नेछ,

२०८३।८।८

अनुप अधिकारी
प्रमुख

- आवेदन यस कार्यालयको इमेल adosindhuli@gmail.com मार्फत पेश गर्न सकिनेछ । इमेलबाट आवेदन पेश गर्दा आवश्यक सम्पुर्ण कागजातहरु स्पष्टसँग स्क्यान गरेर पेश गर्नुपर्नेछ, कुनै कागजात अपुग भई कार्यक्रममा छनोट हुन नसकेमा कार्यालय जवाफदेहि हुने छैन,
- प्रस्ताव दर्ता गर्दा कृषकको किसान सूचीकरण प्रणालीको दर्ता नम्बर उल्लेख गर्नुपर्नेछ । उक्त नम्बर उपलब्ध नभएको खण्डमा स्थलगत अनुगमनको समयसम्ममा पेश गर्ने प्रतिवद्धता समावेश गर्नुपर्नेछ ।
- प्रस्ताव पेश गर्न आवश्यक प्रस्ताव फारमहरु, एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वन कार्यविधि, २०८३ कृषि विकास कार्यालय सिन्धुलीको वेवसाइट http://sindhuli.akc.gov.np, कृषि विकास निर्देशनालय, हेटौंडाको वेवसाइट doad.bagamati.gov.np र कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश हेटौंडाको Websitehttp://molmac.bagamati.gov.np बाट डाउनलोड गर्न सकिने छ।

थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, फेसबुक पेज "**कृषि विकास कार्यालय, सिन्धुली**", फोन नं ०४७-५२१०४२/९८५४०४२१६६(सूचना अधिकारी) तथा यस कार्यालयको वेवसाईट sindhuli.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ

२०८३।८।८

अणु अधिकारी
प्रमुख
(हस्ताक्षर नवौं)